# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
### बागमती प्रदेश, नेपाल

मिति: २०७७/०९/२२

**बगर खेती कार्यक्रममा सहभागी हुन प्रस्तावना आह्वान सम्बन्धी सूचना**

यस गाउँपालिकाको चालु आ.व. ०७७/७८ को कृषि कार्यक्रम तर्फको स्वीकृत विनियोजित रकमवाट नदी खोला किनारका जग्गाहरुलाई उपयोग गरी भूमीहिन र न्यून आय भएका कृषकहरुलाई बगर तरकारी खेती गराई कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकहरुको जिवनस्तर सुधारको लागि "बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७" बमोजिम वगरखेती कार्यक्रम संचालन हुने भएकोले वडा नं. २,३,४,५,६ र ७ मा गठित इच्छुक कृषक समुह/कृषि सहकारी/कृषि फर्महरुले निम्न शर्तहरुको अधिनमा रहि १५ दिन भित्र प्रस्तावना पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>पेश गर्नुपर्ने आवश्यक कागजातहरु</u>

१. कृषक समुह/कृषि सहकारी/कृषि फर्म दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी ।
२. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. गत आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. प्रस्तावना पेश सम्बन्धी निर्णयको प्रतिलिपि (समुह/सहकारीको हकमा मात्र) ।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

<u>कार्यक्रम संचालन सम्बन्धी शर्तहरु</u>

१. समुह/सहकारी/फर्मको आफ्नै जग्गा भए सो जग्गाको धनीपुर्जा, भाडा/करारमा लिएको भए करार वा भाडा सम्झौता पत्र वा सार्वजनिक खोला नदी किनारा भए गाउँपालिकालाई विरौटी शुल्क तिर्ने प्रतिवद्धता पत्र संलग्न राखि पेश गर्नु पर्नेछ ।
२. कार्यक्रम संचालन स्थल :- नदी/खोला आसपासको उकास वा वगरको प्रति क्लष्टर २ विघा क्षेत्रफलको जग्गा हुनुपर्नेछ ।
३. वगर खेती अन्तर्गत बसन्ते तरकारी वालीहरु जस्तै लौका, घिरौला, फर्सि, जुकीनी, काक्रो, तरबुजा, खरबुजा, परवल, करेला तथा अन्य लहरे तरकारी वालीको खेती गर्न सकिनेछ ।
४. कृषि समुह भए कम्तिमा ५ जनाको समुह हुनुपर्नेछ ।
५. सूचनामा उल्लेखित शर्तहरु वाहेक अन्य "बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७" बमोजिम हुनेछ ।

थप जानकारीको लागि मरिण गाउँपालिकाको कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

२०७७।९।२२

बिनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

इमेल: info@marinmun.gov.np "नतिजामुखी प्रशासन समृद्धि र सुशासन" www.marinmun.gov.np